# प्रदान गरिने सेवाहरु र आवश्यक कागजात

## १. सञ्चार गृहले पठाउनुपर्ने कागजातहरु

आफ्नो सञ्चार संस्थामा कार्यरत रहेका प्रकाशक, श्रमजीवी पत्रकार, कर्मचारी र कामदारहरुको विवरण र दरबन्दी विवरण (नमूना फाराम ३ र ४ भर्ने) र

क. पत्रिकाको हकमा हालै प्रकाशित अंक १,

ख. टेलिभिजन र रेडियोको हकमा प्रशारण अनुमतिपत्रको हालसम्म नविकरण भएको प्रतिलिपि

ग. अनलाइन समाचार संस्थाको हकमा

- कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनी/प्रा.लि. दर्ता प्रमाणपत्रको प्रतिलिपि
- अनलाइन पत्रकारिता सञ्चालन गर्ने उद्देश्य उल्लेख भएको प्रबन्ध पत्र र विनियमावलीको प्रतिलिपि
- कम्पनी/प्रा.लि. भ्याटमा दर्ताभएको प्रमाणपत्रको प्रतिलिपि
- सो नामको अनलाइन सञ्चालन गर्नेगरी सञ्चालकबाट गरिएको निर्णयको प्रतिलिपि
- सञ्चालनमा रहेको सो अनलाइनमा राखिएको अग्रपृष्ठको प्रिन्ट कपी ।

## २. प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचयपत्र जारी

- रितपूर्वक भरिएको अनुसूचि फाराम
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- तोकिएको ढाँचामा, अवधि खुलेको र न्यूनतम पारिश्रमिक खुलेको नियुक्ति पत्र
- सम्बन्धित संस्थाको सिफारिस पत्र
- एसएलसी उत्तीर्ण गरेको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
- सम्पादकको हकमा एसएलसी देखि स्नातकतहसम्मको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्र वा एसएलसी उत्तीर्ण गरेको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि र सूचना विभागबाट प्रमाणित गरिएको १० वर्षको अनुभवको प्रमाणपत्र

## ३. प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचयपत्र नविकरण

- रितपूर्वक भरिएको अनुसूचि फाराम,
- स्वतन्त्र पत्रकारको लागि आफ्नो लेख । समाचार प्रकासित १ प्रति पत्रिका
- तोकिएको ढाँचामा, अवधि खुलेको र न्यूनतम पारिश्रमिक खुलेको नियुक्ति पत्र
- सम्बन्धित संस्थाको सिफारिस पत्र

## ४. पत्रकार परिचयपत्र प्रतिलिपि

- **निवेदन फाराम**
- सम्बन्धित संस्थाको सिफारिस पत्र

## ५ स्वतन्त्र पत्रकार प्रमाणपत्र

- रितपूर्वक भरिएको अनुसूचि फाराम
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- एसएलसी देखि स्नातकतहसम्मको लब्धांक पत्र र चारित्रिक प्रमाणपत्र
- पत्रकारितामा स्नातक गरेको भए १० वर्ष र अन्य विषयमा स्नातक तह उत्तीर्ण गरेको भए १५ वर्षसम्मको प्रत्येक वर्षको ६ वटाका दरले बाइलाइन समाचार/लेख प्रकाशित गरेको सक्कल अंकहरु ।

## ६. अध्यक्ष/प्रकाशक/व्यवस्थापकीय प्रमुखको परिचयपत्र जारी

- रितपूर्वक भरिएको अनुसूचि फाराम
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित संस्थाको सिफारिस पत्र र

**क) प्रकाशकको हकमाः**

- प्रकाशकमा निवेदकको नाम उल्लेख भएको पत्रिका र पत्रिकाको स्थायी दर्ता वा दर्ता प्रमाणपत्रको प्रतिलिपि

**ख) अध्यक्षको हकमा :**

- अध्यक्ष पदमा रहेको प्रमाणको प्रतिलिपि

**ग) सञ्चार प्रतिष्ठानमा कार्यरत व्यवस्थापकीय प्रमुख, प्रबन्ध निर्देशक वा व्यवस्थापकको हकमा :**

**नियुक्ति पत्रको प्रतिलिपि**

## ७. पत्रिकाको अस्थायी दर्ता सिफारिस

- जिल्ला प्रशासन कार्यालयको पत्र

## ८. पत्रिकाको स्थायी दर्ता सिफारिस

- अस्थायी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- स्थायी दर्ताका लागि सम्बन्धित सञ्चारगृहबाट गरिएको अनुरोध पत्र र
- छापाखाना र प्रकाशन सम्बन्धी ऐन नियममा उल्लेख भए बमोजिम अस्थायी दर्ता प्रमाणपत्र प्राप्त गरी हालै प्रकाशित तोकिएको संख्याका अंकहरु, दैनिक ४५ अंक १२"x२१" अर्ध साप्ताहिक ११, साप्ताहिक ६ अंक, पाक्षिक, मासिक ४ अंक, द्वैमासिक-चौमासिक ३ अंक, अर्धवार्षिक र वार्षिक २ अंक ।

## ९. पत्रिकाको लागि टेलिफोन जडान तथा महसूल छुट सिफारिस

- स्थायी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- टेलिफोन जडान तथा महसूल छुट पाउन सिफारिसको लागि सञ्चारगृहबाट गरिएको अनुरोध पत्र